मिति २०८३।०७।११ मा बसेको ८० औं कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु सर्वसहमतले पारित गरी देहायबमोजिमका निर्णय गरियो

कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक सङ्ख्या: ८० औं
अध्यक्षता: श्री गणेशबहादुर के.सी.
बैठक मितिः २०८३।०७।११
बैठक स्थानः महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोटिखेल, ललितपुर ।
बैठक समयः बिहान ९:०० बजे

क्र.स.	प्रस्तावहरु	कै
१.	रातामाटे सडक निर्माण कार्यलाई वहुवर्षिय योजना प्रस्ताव सम्बन्धमा।	
२.	वैतरणीधाम पूननिर्माण सम्बन्धमा।	
३.	महाङ्काल स्थानमा सतल पुनःनिर्माण तथा संरक्षण सम्बन्धमा।	
४.	"घ" वर्गको इजाजत सम्बन्धमा।	
५.	वडा नं. ३ को योजना शीर्षक सम्बन्धमा।	
६.	श्री वाल मुकुन्द आधारभूत विद्यालयको भवन व्यवस्थापन सम्बन्धमा।	
७.	विविध सम्बन्धमा।	

मिति २०८३।०७।११ मा बसेको ८० औं कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु सर्वसहमतले पारित गरी देहायबमोजिमका निर्णय गरियो

पूर्व बैठकको समीक्षा

मिति २०८३।०६।२० मा बसेको ७९ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

निर्णय नं.१:- प्रस्ताव नं. १ माथी छलफल गर्दा महाङ्काल गाउँपालिकाको वडा नं. २, ३ र ४ जोडने रातामाटे कालेश्वर सडक निर्माण कार्यलाइ वहुवर्षिय योजना अन्तर्गत निर्माण गर्नको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने।

निर्णय नं.२:- प्रस्ताव नं. २ माथी छलफल गर्दा महाङ्काल गाउँपालिकाको वडा नं. ३ स्थित वैतरणीधाम मन्दिर पुनःनिर्माणको लागि गाउँपालिकाको आन्तरिक स्रोत अपुग तथा सङ्घ र प्रदेशबाट समेत बजेट व्यवस्थापन नभएको हुनाले उक्त धार्मिक तथा ऐतिहासिक महत्व बोकेको मन्दिर पुनःनिर्माणको लागि काठमाडौं उपत्यका स्थित स्थानीय तहहरुसँग आवश्यक बजेटको लागि सहयोग गर्न अपिल गर्ने।

निर्णय नं.३:- प्रस्ताव नं. ३ माथी छलफल गर्दा महाङ्काल गाउँपालिकाको वडा नं.३ स्थित महाङ्कालस्थानमा रहेको सतल जिर्ण भएको कारण सतल पूनःनिर्माण तथा महाङ्कालस्थान क्षेत्र व्यवस्थापन गर्नुपर्ने भएकोले पूनःनिर्माण र क्षेत्र व्यवस्थापनको लागि पुरातत्व विभागमा उक्त क्षेत्रलाई पुरातात्विक महत्वको क्षेत्रको रुपमा स्थापित गर्न अनुरोध गर्ने।

निर्णय नं.४:- प्रस्ताव नं. ४ माथी छलफल गर्दा **महाङ्काल गाउँपालिकाको "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५** को व्यवस्था बमोजिम तपसिलका निर्माण व्यवसायीले आवश्यक कागजातसहित "घ" वर्गको इजाजतको लागि निवेदन पेश गरेको हुनाले इन्जिनियरबाट सिफारिस प्राप्त भए पछि "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने।

तपसिल

क) माने कन्स्ट्रक्सन, महाङ्काल-३, ललितपुर
ख) लियम निर्माण सेवा, महाङ्काल-३, ललितपुर
ग) जे.एस. विल्डर्स प्रा.लि., महाङ्काल-४, ललितपुर।

निर्णय नं. ५:- प्रस्ताव नं. ६ माथी छलफल गर्दा महाङ्काल गाउँपालिकाको आ.व. २०८३।०८४ मा वडा नं. ३ को लागि विनियोजित शीर्षक **वडा भरी मोटरबाटो मर्मत सम्भार कार्यक्रम** अन्तर्गत विनियोजित रकम रु.१० लाख लाई **सिरुडाँडा देखि धामीडाँडा जोड्ने सडक स्तरोन्नती, वडा नं. ३** कायम गरी कार्यन्वयन गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

महाङ्काल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोटिखेल, ललितपुर
बागमती प्रदेश

मिति २०८३।०७।११ मा बसेको ८० औं कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु सर्वसहमतले पारित गरी देहायबमोजिमका निर्णय गरियो

निर्णय नं. ६:- प्रस्ताव नं. ७ माथी छलफल गर्दा महाङ्काल गाउँपालिका वडा नं. १ स्थित श्री बाल मुकुन्द आधारभूत विद्यालयमा गर्नुपर्ने कार्यहरुको स्थलगत निरीक्षण गरी आवश्यक कार्य सामुदायिक विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्च शीर्षकबाट बेहोर्ने गरी बाँकी रहेका कार्यलाई पूर्ण गर्ने।

निर्णय नं. ७:- विविध सम्बन्धमा छलफल गर्दा देहायका निर्णयहरु गरियोः

क) महाङ्काल गाउँपालिकाको आ.व. २०८३।०८४ मा विनियोजित विपन्न आर्थिक सहायता शीर्षकबाट खर्च बेहोर्ने गरी तपसिलबमोजिमका महाङ्काल गाउँपालिकाका गरिब, विपन्न तथा विपदबाट प्रभावित नागरिकहरुलाई देहायबमोजिमको रकम भुक्तानी गर्ने।

देहायः

१. राम बहादुर परियार, महाङ्काल-२, मानिखेल रु. ४० हजार मात्र।
२. कुमार दमाइ, महाङ्काल-२, मानिखेल रु. ४० हजार मात्र।
३. हेम प्रसाद सापकोटा, महाङ्काल-५, चन्दनपुर रु. २५ हजार मात्र।
४. सोम राज तिमल्सिना , महाङ्काल-४, कालेश्वर, रु. २५ हजार मात्र।
५. राजु तिमल्सिना, महाङ्काल-६, ठुलादुर्लुङ्ग, रु. ३० हजार मात्र।
६. विजय स्याङ्तान, महाङ्काल-६, ठुलादुर्लुङ्ग, रु. ४० हजार मात्र।

ख) महाङ्काल गाउँपालिकाको आ.व. २०८३।०८४ मा विनियोजित अन्य संस्था सहायता शीर्षकबाट खर्च बेहोर्ने राष्ट्रिय संगीतकर्मी संघ ललितपुर, महाङ्काल गाउँपालिका कार्यसमिति गोटिखेल, ललितपुरलाई नेपालीहरुको महान पर्व शुभ दिपावलीको पावन अवसरमा बृहत सांस्कृतिक कार्यक्रम आयोजना तथा सञ्चालन गर्नको लागि रु. १ लाख ५० हजार सहायता उपलब्ध गराउने।

२०८३.७.११

गणेश बहादुर थोकी
अध्यक्ष

शर्मिला बज्राडे
प्रमुख प्रशासकीय अधिकृत